Regd. No. 264594/77/078 PAN: 303865986

# MENCHHIYAM HYDROPOWER LTD.

Maharajgunj, Kathmandu
Tel: 4440706/440465
Email: menchhiyam@gmail.com
G.P.O. Box: 10756

पत्र संख्याः २०८२।०८३ मितिः २०८३।०१।०४
चलानी नं. १३४।०८२।०८३

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाण्डौ ।

विषय : शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने तथा विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना प्रकाशन गर्ने बारे।

महोदय, उपरोक्त सम्बन्धमा यस मेन्छियाम हाइड्रोपावर लिमिटेड को मिति २०८३ वैशाख ०४ गते साँझको ४:०० बजे कम्पनी रजिष्टर्ड कार्यालय, काठमाण्डौमा बसेको संचालक समितिको बैठकले कम्पनीको देहाय बमोजिमको विषय उपर छलफल तथा निर्णय गर्नको लागि यस कम्पनीको विशेष साधारण सभा यही मिति २०८३ साल वैशाख २० गते आह्वान गर्ने निर्णय गरेको हुँदा उक्त विशेष साधारण सभा प्रयोजनको लागि यस कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८३ वैशाख १४ गते एक दिनका लागि बन्द गर्ने निर्णय गरेको व्यहोरा जानकारीका लागि अनुरोध छ।

विशेष साधारण सभाका प्रस्तावहरुः

क) प्रस्तावहरुः

१. कम्पनीको हाल कायम चुक्ता पूँजीको १:१ अनुपातमा हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा र सो अनुसार प्राप्त हुने रकमको उपयोग बारेमा संचालक समितिले गरेको निर्णय सम्बन्धमा।

२. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा हकप्रद शेयर निष्काशन सम्बन्धमा थप अन्य कार्यहरु समेत गर्न परेमा सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

३. विविध।

साथै उक्त विशेष साधारण सभा बस्ने सम्बन्धी सूचना मिति २०८३।०१।०५ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्न लागिएको हुँदा सो सूचनाको कपी थान १ यसै साथ संलग्न गरि पठाइएको व्यहोरा समेत समेत जानकारीका लागि अनुरोध छ।

भवदीय,

धनराज सुवेदी
कम्पनी सचिव

बोधार्थः

श्री विद्युत नियमन आयोग, सानो गौचरण, काठमाण्डौ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौ।
श्री एन आई सी क्यापिटल लिमिटेड, थापाथली, काठमाडौ।